# आकाशवाणी समाचार- नेपाली

मितिः ८ जुन २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. ब्रिटेनका विदेश सचिव डेभिड लैमीले प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटनु भएर दुई देशबीचको बढ्दो सम्बन्धको स्वागत गर्दै भारत-ब्रिटेन बृहत् रणनीतिक साझेदारीको सुदृढीकरणमा सन्तुष्टि व्यक्त गर्नुभयो।

२. गृहमन्त्री अमित शाहले आज मदुरैमा तमिलनाडु भाजपा राज्य कोर कमिटीको बैठकको अध्यक्षता गर्नु हुनेछ र पार्टीका राज्य, जिल्ला र मण्डल स्तरका पदाधिकारीहरूसँग पनि अन्तरक्रिया गर्नु हुनेछ।

३. भाजपा सांसद रविशंकर प्रसादको नेतृत्वमा रहेको सर्वदलीय संसदीय प्रतिनिधि मण्डलले जर्मनीमा आतंकवाद विरुद्ध भारतको दृढ र सैद्धान्तिक अडानको बारेमा विस्तृत रूपमा जानकारी गराएको छ।

४. भारतका शुभांशु शुक्लासहित तीन अन्तरिक्ष यात्री मंगलबार फ्लोरिडाको नासाको केनेडी स्पेस सेन्टरबाट एक्सिओम स्पेसको चौथो मानव अन्तरिक्ष उडानमा प्रस्थान गर्नेछन्।

५. मणिपुर सरकारले हिजो रातिदेखि पाँच दिनका लागि पाँच जिल्लाको क्षेत्राधिकारमा वीसैट र वीपीएनसहित इन्टरनेट र मोबाइल डाटा सेवाहरू निलम्बन गर्ने आदेश दिएको छ।

## प्रधानमन्त्री - डेभिड लैमी

ब्रिटेनका विदेश सचिव डेभिड लैमीले हिजो नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटनु भएको छ। श्री मोदीले दुई देशबीचको बढ्दो सम्बन्धको स्वागत गर्नुभयो र भारत-ब्रिटेन बृहत् रणनीतिक साझेदारीको सुदृढीकरणमा सन्तुष्टि व्यक्त गर्नुभयो।विदेश सचिव डेभिड लैमीले व्यापार र लगानी, रक्षा र सुरक्षा, प्रविधि, नवप्रवर्तन र स्वच्छ ऊर्जा लगायत प्रमुख क्षेत्रहरूमा सहयोग बढाउन ब्रिटेनको गहिरो चासो व्यक्त गर्नुभयो। उहाँले विश्वास व्यक्त गर्नुभयो कि स्वतन्त्र व्यापार सम्झौताले दुवै देशका लागि नयाँ आर्थिक अवसरहरू खोल्नेछ।दुई नेताहरूले क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा छलफल गर्नुभयो। श्री लैमीले पहलगाम आतंकवादी आक्रमणको कडा निन्दा गर्नुभयो र सीमापार आतंकवाद विरुद्ध भारतको लडाईलाई समर्थन गर्नुभयो।

## अमित शाह-मदुरै

गृहमन्त्री अमित शाहले आज मदुरैमा तमिलनाडु भाजपा राज्य कोर कमिटीको बैठकको अध्यक्षता गर्नु हुनेछ र पार्टीका राज्य, जिल्ला र मण्डल स्तरका पदाधिकारीहरूसँग पनि अन्तरक्रिया गर्नु हुनेछ। श्री शाहले ऐतिहासिक मीनाक्षी अम्मन मन्दिरको पनि भ्रमण गर्नु हुनेछ। श्री शाहले चुनावी तयारीमा पार्टी नेताहरू र कार्यकर्ताहरूलाई सम्बोधन गर्नु हुनेछ र विभिन्न दलहरूसँग बैठक पनि गर्नु हुनेछ। भाजपा राज्य उपाध्यक्ष नारायणन तिरुपतिले श्री शाहको भ्रमणले पार्टी कार्यकर्ताहरूको मनोबल बढाउने बताउनु भएको छ।पछिबाट श्री शाहले **ओथाकदाईमा वेलाम्मल ग्लोबल** अस्पताल मैदानमा पार्टी बैठकलाई सम्बोधन गर्नु हुनेछ। सभामा राज्य, जिल्ला र मण्डल स्तरका भाजपा पदाधिकारीहरू उपस्थित हुनेछन्। कार्यक्रममा सयौं कार्यकर्ता सदस्यहरू र वरिष्ठ राज्य नेतृत्व उपस्थित हुने अपेक्षा गरिएको छ। बैठकले आगामी विधानसभा चुनावको लागि भाजपाको रणनीति तयार गर्नेछ।श्री अमित शाहले ११ अप्रेलमा तमिलनाडुको भ्रमणको क्रममा भाजपा र एआईएडीएमके बीच नयाँ गठबन्धनको घोषणा गर्नु भएको थियो।

**<u>सर्वदलीय प्रतिनिधिमण्डल</u>**

भाजपा सांसद रविशंकर प्रसादको नेतृत्वमा रहेको सर्वदलीय संसदीय प्रतिनिधि मण्डलको जर्मनी भ्रमण हिजो सम्पन्न भयो। भ्रमणको क्रममा जर्मनीका शीर्ष राजनीतिक नेतृत्व, नीति निर्माता र विचार समूहहरूलाई आतंकवाद विरुद्ध भारतको दृढ र सैद्धान्तिक अडानको बारेमा विस्तृत रूपमा जानकारी गराइएको थियो। प्रतिनिधि मण्डलले बर्लिनमा जर्मन सरकार र संसदका वरिष्ठ प्रतिनिधिहरूसँग भेटघाट गरेको थियो र उनीहरूलाई आतंकवाद विरुद्ध शून्य सहनशीलता नीतिको भारतको सैद्धान्तिक अडान र सीमापार आतंकवादसँग व्यवहार गर्ने रणनीतिको बारेमा जानकारी गराएको थियो। प्रतिनिधिमण्डलले जर्मन सांसदहरू र वार्ताकारहरूलाई अपरेशन सिन्दूरको बारेमा पनि जानकारी गराएको थियो।

**बाइट**

प्रतिनिधिमण्डलले विदेश नीति र अन्तर्राष्ट्रिय मामिलाको क्षेत्रमा सक्रिय जर्मन संसदका वरिष्ठ सदस्यहरू र जर्मनीको एक अग्रणी विचार समूह कोनराड एडेनाउर स्टिफ्टुङसँग अन्तरक्रिया गरेका थिए। प्रतिनिधि मण्डलले जर्मनीका लागि भारतीय राजदूत अजित गुप्तेले आयोजना गरेको स्वागत समारोहमा जर्मनीका अग्रणी विचार समूह र प्रख्यात व्यक्तित्वहरूसँग पनि अन्तरक्रिया गरेको थियो।जर्मन वार्ताकारहरूले भारतलाई समर्थन व्यक्त गरेका थिए र आतंकवाद विरुद्धको लडाईमा अन्तर्राष्ट्रिय समुदाय एकसाथ आउनुपर्ने तत्काल आवश्यकतामा पनि सहमति जनाएका थिए। उनीहरूले रक्षा, सुरक्षा र आतंकवाद विरोधी क्षेत्रमा भारत-जर्मनी सहयोग, दुई देशहरू बीचको रणनीतिक साझेदारीलाई सुदृढ पार्ने बारेमा पनि छलफल गरे।

**<u>दिल्ली-बंगलादेश</u>**

दिल्ली पुलिसले धेरै वर्षदेखि दिल्लीमा अवैध रूपमा बसोबास गरिरहेका ६६ जना बंगलादेशी नागरिकलाई पक्राउ गरेको छ। पुलिसले कुनै पनि वैध कागजातबिना उत्तर-पश्चिम दिल्लीमा बसोबास गर्ने यी बंगलादेशीहरूलाई फिर्ता पठाउन कारबाही भइरहेको बताएको छ। पुलिसले अनुसन्धान सुरु गर्न र उनीहरू विरुद्ध कारबाही गर्न विदेशी क्षेत्रीय पंजीकरण कार्यालयसँग पनि समन्वय गरेको छ। यी सबै नागरिकहरू अवैध रूपमा भारत प्रवेश गरेका थिए र भिसा र अध्यागमन नियमहरूको उल्लङ्घन गर्दै बसिरहेका थिए। पुलिसले उनीहरूलाई बंगलादेश पठाउनको लागि विदेशी क्षेत्रीय पंजीकरण कार्यालयले कानुनी र कागजात प्रक्रिया पूरा गरिरहेको बताएको छ। प्रक्रिया पूरा भएपछि उनीहरूलाई बंगलादेश पठाइनेछ।

**<u>कर्नाटकका मुख्यमन्त्री - क्षतिपूर्ति</u>**

बेंगलुरुको चिन्नास्वामी स्टेडियममा भएको भागदौडमा मृत्यु भएका ११ जनाको परिवारलाई दिइने क्षतिपूर्ति रकम बढाएर २५ लाख रुपियाँ पुऱ्याइएको छ। कर्नाटकका मुख्यमन्त्री सिद्धरामय्याले बुधबार यस सम्बन्धमा आदेश दिनु भएको छ। यसअघि राज्य सरकारले प्रत्येक परिवारलाई १० लाख रुपियाँ क्षतिपूर्ति दिने घोषणा गरेको थियो। केन्द्रीय मन्त्री एच.डी. कुमारस्वामी, केन्द्रीय राज्यमन्त्री शोभा करन्दलाजे र कर्नाटक भाजपा नेतृत्वले मृतकका परिवारलाई ५० लाख रुपियाँ क्षतिपूर्तिको माग गरेका छन्। रोयल च्यालेन्जर्स बैंगलोर - आरसीबीले मृतकलाई १० लाख रुपियाँ क्षतिपूर्तिको घोषणा गरेको छ र कर्नाटक राज्य क्रिकेट संघले ५ लाख रुपियाँ क्षतिपूर्तिको घोषणा गरेको छ।भारतीय जनता पार्टीले घटनालाई लिएर मुख्यमन्त्री सिद्धरामय्या र उप मुख्यमन्त्री डीके शिवकुमारको राजीनामा माग गरिरहेको छ। यो घटना कर्नाटकको कांग्रेस नेतृत्वको सरकारको लागि ठूलो धक्का साबित भएको छ। यसैबीच, अपराध अनुसन्धान विभाग - सीआईडीको विशेष शाखाले चिन्नास्वामी भागदौड दुर्घटनाको अनुसन्धान शुरु गरेको छ।

**<u>शुक्ला एक्सिओम-४ मिशन</u>**

भारतका शुभांशु शुक्लासहित तीन अन्तरिक्ष यात्री मंगलबार फ्लोरिडाको नासाको केनेडी स्पेस सेन्टरबाट एक्सिओम स्पेसको चौथो मानव अन्तरिक्ष उडानमा प्रस्थान गर्नेछन्। लगभग २८ घण्टाको यात्रापछि यो मिशन बुधबार भारतीय समय अनुसार राति १० बजी अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा अवतरण गर्नेछ।

**बाइट**

**विशेष प्रसारण - एनडीए सरकार - ११ वर्ष**

सेवा, सुशासन र गरिबहरूको कल्याणका सिद्धान्तहरूबाट प्रेरित भएर देशले एक दशकमा उल्लेखनीय परिवर्तनहरू देखेको छ। आकाशवाणी समाचारले विगत ११ वर्षमा सरकारका प्रमुख क्षेत्रहरूमा गरिएका प्रयासहरूमा विशेष प्रसारण लिएर आएको छ। यस शृङ्खलामा, आज हामी मध्यम वर्गलाई सशक्त बनाउने वित्तीय सुधारहरूको बारेमा प्रसारण प्रस्तुत गर्दछौं...

**बाइट**

**मणिपुर सरकार-इन्टरनेट सेवाहरू**

मणिपुर सरकारले हिजो राति ११ बजेर ४५ मिनटदेखि पाँच दिनका लागि पाँच जिल्लाको क्षेत्राधिकारमा वीसैट र वीपीएनसहित इन्टरनेट र मोबाइल डाटा सेवाहरू निलम्बन गर्ने आदेश दिएको छ। यी जिल्लाहरूमा इम्फाल-पश्चिम, इम्फाल-पूर्व, थौबल, विष्णुपुर र काक्चिङ समावेश छन्।आयुक्त-सह-सचिव (गृह), एन अशोक कुमारद्वारा जारी आदेशमा भनिएको छ कि प्रचलित कानून र व्यवस्थाको अवस्थालाई ध्यानमा राख्दै विशेष गरी इम्फाल-पूर्व, इम्फाल-पश्चिम, थौबल, काक्चिङ र विष्णुपुर जिल्लाहरूमा केही असामाजिक तत्वहरूले सार्वजनिक भावनालाई भड्काउन छविहरू, अश्लील भाषा र घृणित भिडियो सन्देशहरू प्रसारण गर्न सामाजिक सञ्जालको व्यापक प्रयोग गर्न सक्ने आशंका गरिएको छ, जसले राज्यको कानून र व्यवस्थाको स्थितिमा गम्भीर प्रभाव पार्न सक्छ। आदेश उल्लङ्घन गर्ने दोषी पाइएमा कानुनी कारबाहीको सामना गर्नु पर्नेछ।हिजो राति मेइतेई जातीय समूहका नेता अरम्बाई टेङ्गोललाई पक्राउ गरेपछि इम्फाल पूर्व र इम्फाल पश्चिम जिल्लाहरूमा भएको ठूलो विरोध प्रदर्शनपछि यो आदेश जारी गरिएको हो।

**जम्मू कश्मीर वन्दे भारत**

उत्तरी रेलवेले कटरा र श्रीनगरबीच वन्दे भारत रेल सेवा शुरु गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार कटराबाट वन्दे भारत रेलको उद्घाटन गर्नुभयो। कटराबाट बारामुल्ला र फर्कने यात्रुहरूले वन्दे भारत रेल सेवा सुरु भएकोमा खुशी व्यक्त गरेका छन्। हिजो पहिलो दिन यो रेलको सञ्चालन सहज रूपमा सम्पन्न भयो र वन्दे भारत रेल साँझ आफ्नो गन्तव्यमा पुग्यो। मानिसहरूमा धेरै उत्साह थियो र रेल सेवा सुरु हुनुभन्दा अगाडि नै टिकट बिक्री भएको थियो। उत्तरी रेलवेका अनुसार वन्दे भारत रेलहरूले दिनभर कटरा र श्रीनगरबीच चार पटक यात्रा गरे।

**जम्मू-कश्मीर**

जम्मू-कश्मीरका उप राज्यपाल मनोज सिन्हाले श्री अमरनाथजी तीर्थ बोर्ड-एसएएसबीको ४९ औं बोर्ड बैठकको अध्यक्षता गर्नुभयो। यसमा तीर्थ बोर्डका सदस्यहरू- स्वामी अवधेशानन्द गिरी जी महाराज, कैलाश मेहरा साधु, के.के. शर्मा, के.एन. राई, मुकेश गर्ग, शैलेश रैना, सिमृधि बिन्द्रु, सुरेश हावरे र विश्वमूर्ति शास्त्री उपस्थित थिए।उप राज्यपालको अध्यक्षतामा भएको बोर्ड बैठकले सबै सम्बन्धित विभागहरूको तयारीको विस्तृत समीक्षा गऱ्यो र तीर्थयात्रीहरूको लागि सुविधाहरूलाई अझ सुधार गर्न विभिन्न उपायहरू र हस्तक्षेपहरू प्रस्ताव गऱ्यो।उप राज्यपालले विभिन्न परियोजनाहरूको प्रगतिको मूल्याङ्कन गर्नुभयो र तीर्थयात्रीहरूको सुविधाको लागि कामहरू समयमै सम्पन्न गर्न निर्देशन दिनुभयो। यस वर्ष, श्री अमरनाथजी यात्रा ३ जुलाईमा अनन्तनाग जिल्लाको पहलगाम ट्र्याक र गन्दरबल जिल्लाको बालताल दुवै मार्गबाट एकैसाथ सुरु हुनेछ र ९ अगस्ट २०२५ मा रक्षाबंधनको दिन समाप्त हुनेछ।

****** ० ******

****** ० ******